जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
व.नि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४३ अंक ३ २०८१ साल साउन २० गते आइतवार (4 Aug 2024 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** विगत ९ महिनादेखी न्याय पाउन ... **पृष्ठ ३ मा :** मिथिला संस्कृतिमा ... **पृष्ठ ४ मा :** महिलालाई आत्मनिर्भर ... **पृष्ठ ५ मा :** पत्रकारलाई धम्क्याउने माफिनामापछि ...

## आग्निीपीडित व्यवसायीलाई उद्योग वाणिज्यको सहयोग



**राजविराज**/आगलगीबाट पीडित बनेका एक व्यवसायीलाई सप्तरी उद्योग वाणिज्य संघले आर्थिक सहयोग गरेको छ।

शनिवार पीडित व्यवसायीको घर र पसल रहेको बोदेवर्साइन नगरपालिकामै पुगेर संघको टोली पुगेर १ लाख १ हजार रुपैयाँ सहयोग प्रदान गरेको हो।

संघका अध्यक्ष लालु प्रसाद अग्रवालले आगलगी पिडित बोदेवर्साइन नगरपालिका ५ स्थित जेवी एम मोवाईल एण्ड इलेक्ट्रीक सेन्टरका संचालक राजकुमार साहलाई सहयोग स्वरुप संघको तर्फबाट १ लाख १ हजार रुपैयाँ चेक हस्तान्तरण गरे।

जिल्लामा आगलगीबाट पिडित व्यवसायीलाई संघले नगद सहयोग उपलब्ध गराएको यो पहिलो पटक हो। गत असार ३१ गते मध्यराति विद्युत सर्ट भई भएको आगलगीमा सो पसलका सबै समान जलेर नष्ट भएको देखिन्छ।

आगलगीबाट करीब ७ लाख बराबरको क्षति भएको थियो। आगलगीले पसल खरानी भएपछि समस्यामा परेका पसले साहलाई पुनः व्यवसाय संचालन गर्न मद्दत पुगोस भनेर संघको तर्फबाट सानो सहयोग गरिएको अध्यक्ष अग्रवालले बताए। सो अवसरमा उनले सरकारको अव्यवहारिक नितिका कारण उद्योग व्यवसाय संकटमा पर्दै गएको गुनासो समेत गरे। संघले गरेको सहयोगले आगलगीपछि बन्द भएका पसल खोल्न बाटो खुलेको अग्निपिडित व्यवसायी साहले बताए।

राहत सहयोग कार्यक्रममा संघका सल्लाहकार बैजु जोशी, महासचिव अमृत सन्चेती, वडा अध्यक्ष राजकुमार यादव, विरेन्द्र यादव, पत्रकार महासंघका केन्द्रीय परिषद सदस्य मनोज माझी, बोदेवर्साइन नगरपालिका व्यपार संघका अध्यक्ष देवनारायण साहका लगायतले उद्योगी व्यवसायीले भोगी रहनु परिरहेको समस्या र यसको समाधान बारे आफु धारणा राखेका थिए।

## कान्तिपुर सहकारीका सचिव कारागार चलान

**राजविराज**/सहकारी संस्थामा बचतकर्ताले जम्मा गरेको रकम नदिएको भन्दै राजविराजका एक सहकारी संस्थाका सचिव पूर्पक्षका लागि कारागार चलान भएका छन्।

कान्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका सचिव सिद्धार्थ तातेडलाई जिल्ला अदालत सप्तरीले पूर्पक्षका लागि बिहीबार कारागार चलान गरेको हो।

न्यायाधिश संजिव पोखरेलको एकल इजलाशले थुनछेक बहस सकिएपछि तातेडलाई पूर्पक्षका लागि कारागार चलान गर्ने आदेश जारि गरेका हुन्।

थुनछेक बहसमा तातेडको तर्फबाट अधिवक्ता महेन्द्र चौधरी, शिवकुमार चौधरी, अशोक चौधरी र नवराज क्षेत्रीले बहस गरेका थिए। यस्तै जाहेरवालाको तर्फबाट सरकारी वकिलका साथै अधिवक्ता हेमनारायण चौधरी र सुरेश सिंहले बहस पैरवी गरेका थिए।

सहकारी संस्थामा बचतकर्ताले जम्मा गरेको दुई करोड भन्दा बढी रकम नपाएको भन्दै प्रहरीमा उजुरी गरेपछि उक्त संस्थाका संचालक समितिका सचिव तातेडलाई गत साउन ३ गते पक्राउ गरिएको थियो। त्यसपछि सहकारीको रकम ठगि तथा आपराधिक विश्वासघात मुद्दामा प्रहरीले पाँच/पाँच दिन गरि दुई पल्ट अदालतबाट हिरासतमा राखी अनुसन्धान गर्न थप म्याद र अनुमति प्राप्त गरेको थियो।

बि.स. २०८० साउन १९ गते बचतकर्ताको रकम फिर्ता नगरी संस्थाका सात जना संचालक सम्पर्कविहीन भएको भन्दै संस्थाका उपाध्यक्षसहित ४६ जना बचतकर्ताले तातेडसहित सातै जनाविरुद्ध प्रहरीमा उजुरी दिएका थिए।

संचालक समितीमाथी बचतकर्ताको १ करोड ३३ लाख २० हजार ८ सय २३ तथा संस्थाको ८८ लाख १७ हजार ६ सय ७७ गरी कुल २ करोड २१ लाख ३८ हजार ५ सय रुपैया अपचलन गरेको आरोप रहेको प्रहरीको भनाई छ।

संचालक र कर्मचारी अचानक सम्पर्कविहीन भएको र लामो समयसम्म संस्थामा तालाबन्दी भएको देखेपछि बचत फिर्ताका लागी पहल गर्न माग गर्दै बचतकर्ताहरु प्रहरी समक्ष पुगेका थिए।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले सात सदस्यीय संचालक समितीमध्ये अध्यक्ष बेचन यादव र अन्य ५ जना गरि १२ जना मध्ये ११ जना भने अझै फरार रहेको जानकारी दिए। उनले फरार रहेकाहरुको खोजतलास जारि रहेको बताए।

चट्याङबाट बच्ने उपायः

- बिजुली चम्केको बेला सचेत र सतर्क रहौं,
- विद्युतीय तरङ्ग टिप्न सक्ने धातुजन्य र भिजेका वस्तुबाट टाढा बसौं,
- विद्युतीय उपकरण बन्द गरौं,
- घर तथा भवनमा अर्थिङ्गलगायतका सुरक्षात्मक उपाय अपनाऔं,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कौं,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बसौं,
- सकभर अग्लो स्थान तथा रुखका छहारिमा नबसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## गाँजा नष्ट

**राजविराज**/जिल्लाको विभिन्न स्थानबाट बरामद तथा नियन्त्रणमा लिएको प्रतिबन्धित लागुपदार्थ गाजा जिल्ला प्रहरी कार्यालय सप्तरीले नष्ट गरेको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी ढुण्डिराज नेउपानेले जिल्लाको विभिन्न स्थानबाट विभिन्न मितिमा बरामद गरिएको तथा नियन्त्रणमा लिएको ५ सय ८६ किलो ९ सय ६४ ग्राम गाँजा जलाएर नष्ट गरिएको जनाएका छन्।

हनुमाननगर-राजविराज सडक खण्ड अन्तर्गत खाँडो खोलामा ती गाँजा स्थानीयवासी, जनप्रतिनिधि, संचारकर्मी एवं सरोकारवाला निकायका प्रतिनिधिको रोहबरमा जलाएर नष्ट गरिएको डीएसपी न्यौपानेले बताए।

जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्दिको वीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- बालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : रुपनी गाउँपालिका, सप्तरी

## सम्पादकीय

### पूर्ण सरसफाईको कागजमै

सप्तरी जिल्ला खुल्ला दिसा मुक्त घोषणा भएको ७ वर्ष बितिसकेको छ । यत्रो समय बितिसक्दा समेत पूर्ण सरसफाईको कार्यान्वयन अझै हुन सकेको छैन् । खुल्ला दिसा मुक्त घोषणा अघि चर्पीमै दिसा पिसाब गर्न बानी बसाले पनि अहिले पुन: खुल्ला स्थान बाहिरै दिसा पिसाब गर्नेहरु देखिन्छ । चर्पीमा दिसा पिसाब गर्ने बानी त बसालिए तर, त्यसलाई कसरी सरसफाई गर्ने बारे जानकारी दिन सकिएको छैन् ।

जिल्लालाई खुल्ला दिसा मुक्त क्षेत्र घोषणा त गरियो तर यसले अझै पूर्णता पाउन सकेको छैन् । सरसफाई चर्पीको मात्र नभएर आफ्नो घरवरीपरी पनि सरसफाई गर्न सिकाइए मात्र कार्यक्रमको उपलब्धि मान्न सकिन्छ ।

तसर्थ जिल्लामा पूर्ण सरसफाई कार्यान्वयमा ल्याए मात्र विगतको उपलब्धीलाई संस्थागत गर्न सकिन्छ । होइन भने ती उपलब्धी शुन्य हुनेछ ।

# विगत ९ महिनादेखी न्याय पाउन नसकेको गुनासो




**राजविराज**/ सप्तरीको डाक्नेश्वरी नगरपालिका ६ का भूमिहीन दलित परिवारले घटनाको ९ महिना बितिसक्दा पनि आफूहरुले न्याय पाउन नसकेको गुनासो गरेका छन् ।

पीडित परिवार मध्येका प्रीतम पासवानले आफुसहित आफ्नो परिवारका सदस्यमाथी हत्या गर्ने मनसायले निर्घात कुटपिट गर्नेमाथि ज्यान मार्ने उधोग मुद्दा दर्ता गरेको ३६ दिन पुग्दा समेत प्रहरीले घटनामा संलग्न भएकाहरुलाई नियन्त्रणमा नलिएको आरोप लगाएका छन् ।

सोमबार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरि उनले प्रहरीले ती व्यक्तिहरुलाई उल्टै संरक्षण दिएको आरोप समेत लगाए ।

घटनामा संलग्नहरु खुलेयाम हिड्दा समेत प्रहरीले उनीहरुलाई नियन्त्रणमा लिन सक्रियता नदेखाएको आरोप लगाउँदै उनले घटनामा संलग्नहरुलाई अविलम्ब पक्राउ गरी कारबाही चलाउन आग्रह समेत गरे ।

घटनामा संलग्नहरु घरमै भएको जानकारी दिन जिल्ला प्रहरी कार्यालय र ईलाका प्रहरी कार्यालय पातो पटकपटक धाउँदा समेत सुनुवाइ नभएको उनले दुखेसो पोखे ।

कुटपिटमा संलग्नलाई कानुनी कारबाही तथा औषधि उपचारमा भएको खर्च उपलब्ध गराउन साथै घरमा शान्तिपुर्वक बस्ने बाताबरण मिलाई दिन पहल गरिदिन संचारकर्मी तथा स्थानीय प्रशासन, मानवाधिकारकर्मीसहित सरोकारवालाहरुलाई सोही पत्रकार सम्मेलन मार्फत पीडितपरिवारले आग्रह समेत गरेका छन् ।

घटना विवरण अनुसार पोखरीको डिलमा बस्दै आएका भुमिहिन दलित समुदायको ढलान सडक बनाउने क्रममा घर भत्काउन जाँदा विवाद उत्पन्न भएको थियो । २०८१ असार १ गते ती परिवारलाई सोही विवादमा स्थानीय हरिसुदन यादव, निरज यादवसहितका ७ जनाको समूहले घरेलु हातहतियार र लाठीले आक्रमण गरि घाइते बनाएका थिए ।

उनीहरुको आक्रमणमा परी ५५ बर्षिय पृतम पास्वान, उनकी पत्नी ५३ बर्षिय मुसनी देवी पास्वान, छोरा बर्ष ३२ को रन्जित पासवान, छोरीहरु बर्ष २५ की रितु पासवान, बर्ष १९ की राखी पासवान तथा बुहारी ३० बर्षिय सरिता देवी पासवान घाइते भएका थिए । ती सबै घाइतेको उपचारमा तीन लाख भन्दा बढी खर्च समेत भएको उनले बताए ।

# वडा अध्यक्षले गरे राजश्व रकम हिनामिना

**राजविराज**/सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं. ९ मा सर्वजानिक पोखरी ठेक्कामा लगाए वापत उठाइएको राजश्व रकम हिनामिना भएको छ ।

वडा अध्यक्ष कर्ण देव चौधरीले सर्वजानिक पोखरी ठेक्कामा लगाए वापत उठाएको राजश्व हिनामिना गरेका हुन् ।

अध्यक्ष चौधरीले २०७५/०७६ मा ऐन विपरित वडाको १८ वटा सर्वजानिक पोखरी ठेक्कामा लगाए करिव १४ लाख ५० हजार राजश्व उठाएर नगरपालिकाको खतामा ४ लाख ५० हजार मात्र बुझाएर बाकी रकम हिनामिना गरेको स्रोतको दावी छ ।

यता रकम हिनामिना गरेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ५ वर्ष पछि सार्वजानिक पोखरी ठेक्कामा संग्लन व्यक्तिहरुलाई बयानका लागि बोलाएका छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग इटहरीले नगरपालिकालाई साउन ३ गते पत्रचार गर्दै ठेक्कामा संग्लन व्यक्तिहरुलाई श्रवण ९ गते व्यानका लागि उपस्थित गराउन भनेको थियो । आयोगले डाक्नेश्वरी ९ का पोखरी ठेक्का बोलकबोल गर्ने राम नरायण मेहता, रामदेब साह, हरेराम साह, राम नारायण साह, रामसुन्दर यादव र नेपाली यादवलाई बयानका लागि बोलाएको थियो ।

सार्वजानिक पोखरी ठेक्काको राजस्व रकम हिनामिना सम्बन्धी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेपिछ नियम विपरित पोखरी ठेक्का लिने व्यक्तिहरुलाई राजश्व रकम फिर्ता गरेका थिए ।

ठेक्का बोलकबोल गरी राजश्वका लागि अध्यक्ष चौधरीलाई बुझाइएको रकम पुनः ठेक्केदारलाई नै फिर्ता दिइएको छ । पोखरीका ठेक्केदार सामदेब साहले

*बाँकी पाँच पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी

# मिथिला संस्कृतिमा मधुश्रावणी

**अजयकुमार झा**

मिथिला संस्कृतिमा साउन महिना भगवान् शिवलाई समर्पित छ। सोमबारी व्रत साउन मासको निकै प्रचलित पर्व हो। साउनमा पर्ने चार वा पाँचवटै सोमबार भगवान् शिवको आराधनामा व्रत बसिन्छ।

बिहान स्नानादि नित्य कर्म सकेर व्रतको संकल्प गर्नुपर्छ। त्यसपछि घरमै अथवा शिवालयमा गएर बेलपत्र, पुष्प, ऋतुफलका साथ भगवान् शिवलाई प्रिय लाग्ने वस्तुहरू समर्पित गरी अभिषेक गरिन्छ। विधिपूर्वक पूजा सम्पन्न गरेपछि शिव-पार्वती व्रतकथा सुन्ने चलन पनि छ।


साउनमा मंगला गौरी व्रत, चतुर्थी, प्रदोष व्रत, एकादशी, चतुर्दशी आदि पर्व पनि पर्छन्। मिथिला क्षेत्रमा भने मौलिक पर्व 'मधुश्रावणी'को आयोजना गरिन्छ।

मधुश्रावणी मधु र श्रावण शब्दको योग हो। 'मधु' अर्थात् जीवनको वसन्त ऋतु। साउनमा वसन्तको झझल्को। यो पर्व श्रावण, साउन, श्रावणी, साउनी, साउने, सावन वा सावनी अनेक नामबाट परिचित छ। साउनमा मनाइने भएकाले यस पर्वलाई मधुश्रावणी भनिएको हो भन्ने तर्कको खण्डन गरी राख्नु जरुरी छैन, मधुश्रावणीको सामाजिक रूपलाई हेरे थाहा हुन्छ कि मधुश्रावणी नामतः 'मधुकर कथाको श्रवण' पर्व हो।

मधुश्रावणी १३ दिवसीय पूजा-कथासहितको १५ दिन लामो पर्व हो। यो पर्व पनि भगवान शिवप्रति समर्पित छ।

पर्वतराज हिमालयकी पुत्री माता पार्वतीले भगवान् शिवलाई पतिका रूपमा प्राप्त गर्न घोर तपस्या गरिन्। त्यसै तपस्याको बलमा उनले शिवलाई वरको रूपमा प्राप्त गरिन्। सोमबारी व्रत त्यसै निष्ठाबाट प्रेरित छ। हुन त हरेक महिलाले सोमबारी व्रत लिन्छन्, तर वैवाहिक उमेरमा पुगेका युवतीहरू सोमबारी व्रतलाई माता पार्वतीको अनुकरण गरी तपश्चर्या लिन्छन्।

यस पूजामा पुरोहितको भूमिकामा रहेकी कथावाचिका लगायत सुहागिन (सधवा)द्वारा नवविवाहितालाई आशीर्वाद दिइन्छ। कथावाचिकालाई श्रद्धापूर्वक दान-दक्षिणासहित बिदाइ दिइन्छ।



सोमबारी व्रतको अभीष्ट पूरा भएपछि अर्थात् विवाहपछि भगवान् शिवको अनुष्ठानका रूपमा मधुश्रावणी पर्व रहेको छ। मधुश्रावणीको उद्देश्य दाम्पत्य जीवनलाई सफल बनाउनु हो। यो पर्व नवविवाहिताले मात्र लिन्छन्, त्यो पनि विवाह गरेकै पहिलो साउन मासमा मात्र। आधा महिना लामो यस पर्वको निकै ठुलो विधि◘ -विधान छ। यस पर्वको आधार पनि शिव-पार्वतीको कथा नै हो। अर्थात् विवाहअघि सोमबारी व्रत लिनेले विवाहपछि मधुश्रावणी व्रत लिन्छन्।

सोमबारी व्रत कुमारी कन्याले लिन्छन्, जसको ध्येय माता पार्वतीको तपश्चर्याको अनुकरण गर्नु हो भने मधुश्रावणी पर्व वैवाहिक जीवनलाई सफल बनाउने वा त्यस्तो ज्ञानबाट परिचित हुने अवसर हो। त्यस्तो ज्ञान भगवान् शिवले माता पार्वतीलाई 'अमर कथा'मा प्रदान गरेका थिए। यस लेखमा 'यही अमरकथारूपी मधुश्रावणी पर्वबारे चर्चा गर्न खोजिएको छ।

यस वर्ष सोमबारी व्रत साउन ७ गते प्रारम्भ भएको छ भने मधुश्रावणी १० गते गुरुबार प्रारम्भ भएको छ। साउन मासको कृष्ण पक्षको पञ्चमी तिथिमा सुरु भएर शुक्लपक्षको तृतीया तिथिको दिन व्रत पूरा हुन्छ। यो विशिष्ट अर्थमा कृष्ण पक्ष र शुक्ल पक्षको योग पर्व हो। प्रत्येक वर्ष यो पर्व मनाइने भए पनि तिथिको हेरफेरले गर्दा कुनै-कुनै वर्षमा पूजा एक दिन बढ्न जान्छ।

मधुश्रावणीको पहिलो पूजाका लागि आवश्यक सामग्री तयार पार्ने कार्य व्रतालुसहितका स्त्रीगणले अघिल्लो राति अबेरसम्म पर्वसँग जोडिएका गीत गाउँदै पूरा गर्छन्।

प्रत्येक दिनको कथा निर्धारित छ। मधुश्रावणीका कथाहरू जीवन र जगत्प्रतिको ज्ञान, विचार र व्यवहारमाथि आधारित छन्।

मधुश्रावणी नैहर (माइती) मा मनाइन्छ। माइतमै बसेर मनाइने भए पनि यस पर्वमा व्रतालुको खाद्यान्न, वस्त्र परिधान, शृंगार प्रशाधन, पूजा सामग्री र अन्य वस्तु पतिको घरबाटै पुऱ्याइनुपर्ने चलन छ। आजकल बिहे भएलगत्तै द्विरागमन (गौना) गरी छोरीलाई ससुराली पठाउने चलन छ। त्यसैले ससुरालीमै पनि मधुश्रावणी पर्व मनाइने चलन थालिएको छ। व्रत जहाँ मनाए पनि व्रतालुको पतिको उपस्थिति भने अनिवार्य हुन्छ। मधुश्रावणीको शोभा र छटा विशेष चहल-पहल र गीतनादले अत्यन्तै सुहाउँदो हुन्छ। सम्पूर्ण वैवाहिक परिधान, शृंगार र आभूषणमा सजिएर महाव्रतका लागि संकल्पित नवविवाहिता व्रतालुको अनुहारको तेज, दीप्ति, कान्ति अनिर्वचनीय हुन्छ।

पर्वको १३ दिनको पूजा विधि-विधानका लागि एउटा कोठा छुट्ट्याइएको हुन्छ। व्रतालुकी आमाले कोठा लिपपोत गरी पूजा स्थानमा अक्षताको पीठार र सिन्दुरले अर्पण (मण्डला) बनाउनुपर्छ। व्रतालुले दैनिक जाही, जुही, अगर, तगर, नीम, दाडिम तथा मेहदीको पात टिपेर

*बाँकी चार पृष्ठमा*



जल तथा मौसम विज्ञान विभागले तापक्रम बढेसँगै तराईका जिल्लाहरूमा तातोहावा लु चल्न सक्ने सम्भावना रहेको र यसले स्वास्थ्यमा असर पार्न सक्ने भएकाले सचेत रही सुरक्षाका उपायहरु अपनाउन अनुरोध गर्दछौं।

तातोहावा लु बारे बुझौं र बच्न सुरक्षाका उपायहरू अपनाऔं।

तातो हावा तथा लु लाग्दाका असरहरू
- हृदयको गति तीव्र हुने
- श्वासप्रश्वास र रक्तचाप कम हुने
- शरीरबाट पसिना ननिस्किने
- टाउको अत्यधिक दुख्ने
- चक्कर लाग्ने, अचेत हुने
- शरीरको तापक्रम १०४ डिग्री फरेनहाइट भन्दा बढी हुने
- छाला सुक्खा, रातो र तातो हुने

गर्मीमा स्वास्थ्यको विशेष हेरचाह गरौं। उल्लेखित असरहरू देखिएमा बिरामीलाई तुरुन्त नजिकैको अस्पताल लैजाऔं।

अनुरोधकर्ता : डाक्नेश्वरी नगरपालिका, सप्तरी




जल तथा मौसम विज्ञान विभागले तापक्रम बढेसँगै तराईका जिल्लाहरूमा तातोहावा लु चल्न सक्ने सम्भावना रहेको र यसले स्वास्थ्यमा असर पार्न सक्ने भएकाले सचेत रही सुरक्षाका उपायहरु अपनाउन अनुरोध गर्दछौं।

तातोहावा लु बारे बुझौं र बच्न सुरक्षाका उपायहरू अपनाऔं।

तातो हावा तथा लु लाग्दाका असरहरू
- हृदयको गति तीव्र हुने
- श्वासप्रश्वास र रक्तचाप कम हुने
- शरीरबाट पसिना ननिस्किने
- टाउको अत्यधिक दुख्ने
- चक्कर लाग्ने, अचेत हुने
- शरीरको तापक्रम १०४ डिग्री फरेनहाइट भन्दा बढी हुने
- छाला सुक्खा, रातो र तातो हुने

गर्मीमा स्वास्थ्यको विशेष हेरचाह गरौं। उल्लेखित असरहरू देखिएमा बिरामीलाई तुरुन्त नजिकैको अस्पताल लैजाऔं।

अनुरोधकर्ता : छिन्नमस्ता गाउँपालिका, सप्तरी



जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं।
- बालविवाहको अन्त्य गरौं, आफ्ना नानीबाबुहरुलाई नियमित विद्यालय पठाऔं।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं।

अनुरोधकर्ता : महादेवा गाउँपालिका, सप्तरी

*मिथिला संस्कृतिमा...*

ल्याउनुपर्छ।

पूजाअर्चना मधुश्रावणी पर्वको आधार विधि हो भने कथा श्रवण पर्वको ध्येय हो। पर्वका दौरान अनेक पौराणिक कथाको वर्णन पाइन्छ। प्रत्येक दिनको निर्धारित विधिअन्तर्गत कुलदेवता, गौरीको गीत र पूजाअर्चना गरी कथाश्रवण गरिन्छ। कथावाचनका लागि कथावाचिका (महिला पुरोहित)लाई निमन्त्रणा गरिएको हुन्छ। ब्रतालुलाई कथावाचिकाद्वारा मधुश्रावणी व्रतकथा श्रवण गराइन्छ। यस पूजामा पुरोहितको भूमिकामा रहेकी कथावाचिका लगायत सुहागिन (सधवा)द्वारा नवविवाहितालाई आशीर्वाद दिइन्छ। कथावाचिकालाई श्रद्धापूर्वक दान-दक्षिणासहित विदाइ दिइन्छ।

प्रत्येक दिनको कथा निर्धारित छ। मधुश्रावणीका कथाहरू जीवन र जगत्प्रतिको ज्ञान, विचार र व्यवहारमाथि आधारित छन्। कथाहरूमा प्रकृतिका अनेक स्वरूप र अंशहरू आधारभूत रूपमा गाँसिएका छन्। कथामा शिव र पार्वतीको जीवन प्रसंगका अनेक गाथाहरूको वर्णन र ती कथाहरूको महत्त्व दर्शाइएको छ। मैथिली संस्कृति र संस्कारसँग जोडिएका विशिष्ट र महत्त्वपूर्ण कथा पनि समावेश रहेका छन्।

ब्रतालुले पूजा अर्चना गरी निष्ठापूर्वक कथा श्रवण गर्नुपर्छ। स्कन्द पुराणका अनुसार नाग देवता र माता गौरीको पूजा गर्ने महिला सौभाग्यवती हुन्छन्। प्राचीन कुरु जनपदका राजालाई तपस्याबाट प्राप्त अल्पायु पुत्रलाई चिरायु बनाउन पत्नीले मंगलागौरी र नागपूजा गरेकी थिइन्। अल्पायु पुत्रको दीर्घायु प्राप्तिबाट प्रशन्न राजाले मंगला गौरी र नागपूजालाई राजकीय पूजाको स्थान दिएका थिए।

**फूल**

पूजाअर्चनाका लागि फूल एक अत्यावश्यक वस्तु हो। मधुश्रावणी पर्वमा पुष्पार्चनको विशिष्ट स्थान छ। फूल टिपेर ल्याउने र भगवानलाई अर्पण गर्नका निमित्त विशेष विधि निर्देशित छ। व्रतालु आफ्ना सखी सहेलीलाई साथमा लिएर प्रत्येक दिन अबेर अपराह्न बगैंचा गएर बेलपत्र र रंगबिरंगका फूल टिपेर ल्याउँछन्। त्यही फूल भोलिपल्ट पूजामा चढाइन्छ। यसरी फूल टिप्न जाँदा र आउँदा सखीहरू पारम्परिक गीत गाउँछन्। पूजाका क्रममा वर (पति)ले एकेक आँजुरी फूल व्रतालुलाई दिन्छन् र व्रतालुले दुवै हातको निश्चित मुद्रा बनाएर भगवानलाई फूल अर्पण गर्छन्।

नवविवाहिताले प्रतिदिन बगैंचामा गएर फूल टिप्छन्, टिपेको फूल डालामा सजाएर राख्छन् र अर्को दिन त्यही फूलले माता गौरीको पूजा अर्चना गर्छन्। पूजापश्चात् व्रत विशेष कथाहरू सुन्छन्। व्रतालुले ससुरालीबाट व्रतका निम्ति पठाइएको अरुवा चामल, घिउ, चना, फल आदि लवणरहित सात्विक भोजन गर्छन्।

**तीनपटक सिन्दुर दान**

मधुश्रावणी श्रावण शुक्ल तृतीयाको दिवसमा महत्त्वपूर्ण विधिका साथ सम्पन्न गरिन्छ। त्यस दिन नवविवाहिताको पुनः सिन्दुरदान हुन्छ। अर्थात् सिन्दुरदान पहिलोपटक विवाहमा, दोस्रोपटक चतुर्थीमा र तेस्रोपटक यही मधुश्रावणीमा गरिने परम्परा छ। मधुश्रावणीको अन्तिम चरण भनेको व्रतालुलाई टेमीको दागबत्ती दिनु हो। व्रतालुको दुवै घुँडामा पानको पात राखी दियोको लप्का पारिन्छ, यसलाई टेमी दिनु भनिन्छ। टेमी दिँदा दुलाहाले व्रतालुको दुवै आँखा छोपेका हुन्छन् र महिला पुरोहितले टेमीको दागबत्ती दिन्छन्। हिजोआज बत्तीको लप्काले डाम्ने डरले 'शीतल टेमी' दिने गरेको पनि देखिन्छ।

दैनिक पूजाका निर्माल्य दिनहुँ एक विशेष पात्रमा संग्रह गरी राखिन्छ र पर्वको विसर्जनपश्चात् नदी वा जलाशयमा लगी सेलाइने प्रचलन छ।

मधुश्रावणी पर्व मिथिलाअन्तर्गत भारतका तिरहुत, दरभंगा, कोशी, पूर्णिया, मुंगेर, भागलपुर र सन्थाल जिल्ला तथा नेपालको मोरङदेखि पर्सासम्मका ब्राह्मण, कायस्थ र वैश्य जातिमा प्रचलित छ। यी जातिको आप्रवासन जहाँ-जहाँ भएको छ, त्यहाँ पनि यो पर्व मनाइने गरिएको छ।

मधुश्रावणीको प्रथम दिवस र समापन दिवसमा आमन्त्रित स्त्रीगणलाई पूजाको प्रसादस्वरूप अंकुरित चना व्रतालुको हातबाट वितरण गरिन्छ।

दैनिक पूजाका निर्माल्य दिनहुँ एक विशेष पात्रमा संग्रह गरी राखिन्छ र पर्वको विसर्जनपश्चात् नदी वा जलाशयमा लगी सेलाइने प्रचलन छ।

**स्वस्थानी र मधुश्रावणी**

पहाडतिर पुस-माघमा स्वस्थानी व्रत कथा सुन्ने परम्परा छ। स्वस्थानी व्रतकथा र मधुश्रावणी व्रतकथामा निकै समानता रहेको देखिन्छ। स्वस्थानी व्रतकथामा महादेवको विवाह र महादेवको परिवारसम्बन्धी कथाले प्रमुखता पाएजस्तै मधुश्रावणी व्रतकथामा पनि महादेव र गौरीको विवाह; उनीहरूका लीला, गंगा, गणेश कार्तिकेयको जन्म र उनीहरूका चरित्र नै कथाको प्रमुख सन्दर्भ बनेका छन्।

मधुश्रावणी पर्व नारी सबलीकरणको सांस्कृतिक अभ्यास हो। सुखदुःख जीवनका दुई पाटा हुन्। व्यक्तिको जीवनमा कतिबेला कस्तो संकट आइपर्छ, त्यो कुरा कसैले भन्न सक्दैन। बरु जीवनमा जस्तोसुकै समस्या आइपरे पनि त्यसको सामना गर्न व्यक्ति स्वयं सक्षम बन्नुपर्छ। विवाह व्यक्तिको रुचि मात्र होइन, एक सामाजिक व्यवस्था हो। युवतीले परिवारको त्याग गरेर अर्को परिवारको हिस्सा बनेर गएपछि भावी जीवनमा के-कस्ता रीतिथिति आउँछन् र त्यसमा आफूले के गर्नुपर्छ भन्ने ज्ञान दिनु र त्यस ज्ञानको शारीरिक-मानसिक अभ्यास गराउनु नै मधुश्रावणीको व्यावहारिक पक्ष हो। मिथिला जनजीवन एक त्यस्तो संस्कृति हो, जसमा जीवनको सम्पूर्ण पक्षको संस्कार गर्ने व्यवस्था गरिएको पाइन्छ। मधुश्रावणी एक संस्कार हो, जुन अनुष्ठान विधिबाट सम्पन्न गराइन्छ। जसरी पुरुषका लागि उपनयन महत्त्वपूर्ण हुन्छ, त्यही ध्येय पूरा गर्न नारीका लागि मधुश्रावणी महत्त्वपूर्ण छ।

मधुश्रावणीमा नवविवाहितालाई १५ दिन नुन र मसलाविनाको एक छाक सात्त्विक भोजन गराएर, दिनहुँ फूल टिप्न भ्रमण गराएर, घन्टौं एउटा आसनमा बसाएर, मनलाई एकाग्र गर्न लगाएर, नानाथरी कथा सुन्न लगाएर, मन्त्र जप र घोक्न लगाएर, शारीरिक-मानसिक कष्ट सहन लगाएर, झन् त्यसमा अन्तिम दिनमा त दागबत्ती दिएर एउटा त्यस्तो अभ्यास र परीक्षा उत्तीर्ण गराइनु नारी सबलीकरणको अद्वितीय सांस्कृतिक उदाहरण हो। (लेखक झा इतिहास, संस्कृति र समसामयिक विषयमा दखल राख्छन्।) रातोपाटीबाट

# महिलालाई आत्मनिर्भर बनाउँदै समाज



**राजविराज**/सिपमूलक तालिम पाएपछि बेरोजगार रहेका महिलाहरु आत्मनिर्भर बन्ने विश्वास शनिवार यहाँ आयोजित एक कार्यक्रमका सहभागी वक्ताहरुले व्यक्त गरेका छन्।

विपि विचार समाज राजविराजद्वारा सप्तरी र सिराहाका महिलाहरुलाई सहभागी गराइ तिन महिना अघि थालिएको खेलौना बनाउने, ब्यूटी पार्लर तथा सिलाई कटाई सम्बन्धि तालिमको अन्तिम दिन शनिवार आयोजित प्रमाणपत्र वितरण कार्यक्रमका सहभागी वक्ताहरुले यस्तो विश्वास व्यक्त गरेका हुन्।

कार्यक्रमका प्रमुख अतिथि प्रदेश सांसद निलम रजकले दक्ष प्रशिक्षकद्वारा चलाइएको तीन महिने लामो सिपमूलक तालिम लिएकाहरु रोजगार तथा स्वरोजगार भई आत्मनिर्भर बन्ने विश्वास व्यक्त गरिन्।

सिपमूलक तालिमले बेरोजगार महिलालाई आफ्नै खुट्टामा उभिन तथा सहज जीवनयापनमा सहयोग पुग्ने अनुसन्धान उपनिर्देशक सुरेन्द्र कोइरालाले बताए।

संस्थाका सचिव मोहम्मद सविर आजमद्वारा उदघोषित एवम् अध्यक्ष रामकुमार यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा कार्यक्रम संयोजक सुलोचना देव (ममता), प्रशिक्षक सरस्वती मण्डल, रुवी विश्वकर्मा, खुश्वु कर्ण, सहनाज खातुनले आ-आफ्नो अनुभव प्रस्तुत गरेकी थिईन।

तीन महिनासम्म चलेको सिपमूलक तालिममा सिराहा र सप्तरीका १ सय ५० जना महिलाको सहभागिता रहेको आयोजक विपी विचार समाजले जनाएको छ।






# पत्रकारलाई धम्क्याउने माफिनामापछि रिहा

**राजविराज**/पत्रकारलाई अभद्र ब्यवहार गर्दै ज्यानमार्ने धम्की दिने महदेवा गाउँपालिकाका अभिषेक मण्डल शुक्रबार माफीनामापछि रिहा भएका छन् ।

समाचार लेखेको निहुँमा नेपाल पत्रकार महासंघ सप्तरीका कोषाध्यक्ष एवं राजविराज दैनिकका पत्रकार नवीनकुमार गुप्तालाई मण्डलले सोमबार मोबाइलबाट धम्की दिएका थिए ।

सप्तरी प्रहरीले पत्रकार धम्काउने मण्डललाई पक्राउ गरी हिरासतमा राखि अनुसन्धान अगाडी बढाईसकेको अवस्थामा मण्डल पनि यही समाजका बासिन्दा भएको र गल्तीले अपशब्द प्रयोग हुन गएको भन्दै पत्रकार महासंघको समन्वयमा पीडित पत्रकार गुप्ताले एक पटकलाई माफी दिंदै थप कारबाही अगाडी नबढाउने निर्णयमा पुगेपछि उनी रिहा भएका हुन् ।

नेपाल पत्रकार महासंघ सप्तरीका सचिव रामनारायण विश्वासद्वारा शुक्रबार जारि विज्ञप्तिमा जिल्ला प्रहरी कार्यालय सप्तरीमा शुक्रवार प्रवक्ता डीएसपी ढुण्डीराज नेउपाने, नेपाल पत्रकार महासंघ सप्तरी अध्यक्ष श्रवणकुमार देव तथा मण्डल परिवारका सदस्यहरुको रोहवरमा लिखित माफीनामा पत्रमा हस्ताक्षर गर्दै मण्डलले पत्रकार गुप्तासँग प्रत्यक्षरुपमा माफी मागेपछि उनी रिहा भएको जनाइएइको छ ।

राजविराजबाट प्रकाशित हुने राजविराज दैनिकका प्रकाशक तथा समाचार संयोजक रहेका गुप्ताले साउन ११ गते उक्त पत्रिकामा "महादेवा गाउँपालिकामा कामै नगरि करोडौंको भुक्तानी" शिर्षक राखी अनियमितता सम्बन्धी समाचार लेखेका थिए । आफ्नो नाम पत्रिकामा कीन छापेको भन्दै सोमबार राती ९ बजेतिर ९८१५७७६६८८ नम्बरको मोबाइलबाट गालीगलौजसहित मण्डलले ज्यान मार्ने धम्की दिएका थिए ।

# गायिका साह र अधिकारकर्मी चौधरी सम्मानित







**राजविराज**/यस वर्षको मैथिली लोक गित गायनतर्फ सुनिता साह र अधिकाकर्मीतर्फ दिलिप चौधरी बैध-प्रकाश मानव अधिकार पुरस्कारबाट सम्मानित भएका छन् ।

शुक्रवार मानवअधिकारकर्मी स्व.प्रकाश काफ्लेको ३२ औं स्मृति दिवसको अवसरमा यहाँ आयोजित कार्यक्रममा साह र चौधरीलाई सम्मानित गरिएको हो ।

कार्यक्रमका प्रमुख अतिथी उच्च अदालत जनकपुर-राजविराज इजलाशका मुख्य न्यायधिश बामदेव ज्ञावलीले साह र चौधरीलाई क्रमश ५ औं मैथिली लोकगीत गायन पुरस्कार २०८१ र ९ औं बैद्य-प्रकाश मानवअधिकार पुरस्कार २०८१ प्रदान गरे ।

मैथिली लोकगायन क्षेत्रमा योगदान गरेवापत राजविराज ३ की ३० वर्षिया साह र अधिकार क्षेत्रमा योगदान गरेवापत रुपनी गाउँपालिका ६ का ५५ वर्षिय चौधरीलाई पुरस्कृत गरिएको पुरस्कार कोषका संस्थापक एवं प्रेस स्वतन्त्रता सेनानी बैद्यनाथ झाले जानकारी दिए ।

२०७१ सालमा इन्सेकद्वारा ५० हजार राशी पुरस्कार भएको प्रकाश-बैद्य मानवअधिकार पुरस्कार प्राप्त गरेका झाले सोही रकम र आमा चन्द्रादेवी झाको समाजिक सुरक्षा भत्ता वापतबाट प्राप्त हुने रकमबाट ५० हजार थपेर १ लाख रुपैयाको पुरस्कार कोष नै स्थापना गरेका थिए ।

सोही कोषबाट प्रत्येक वर्ष उक्त दुबै पुरस्कार वितरण गरिदै आएको कोषका संस्थापक झाले बताए । इन्सेक सप्तरी प्रतिनीधी मनोहर पोखरेलद्वारा संचालित कार्यक्रममा मधेश प्रदेश आमसंचार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादव, पूर्व निर्वाचन आयुक्त डा.अयोधि प्रसाद यादव, राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेशका प्रमुख बुद्ध नारायण सहनी, इन्सेक मधेश प्रदेशका संयोजक राजु पासवान, पत्रकार महासंघ सप्तरीका सभापती श्रवण कुमार देव, नागरिक समाज सप्तरीका अध्यक्ष थानसिह भन्साली, बरखगणका गणपती रमेश पाण्डे, प्रहरी उपरिक्षक गजुसिद्धी बज्राचार्य लगायतले शुभकामना दिएका थिए ।

### *वडा अध्यक्षले गरे ...*

अध्यक्षलाई बुझाएको राजश्व वापतको रकम फिर्ता लिएर वडा कार्यालयमा भरपाई गरिदिएको बताए ।

अनुसन्धानका लागि डाक्नेश्वरी नगपालिकासँग २०७६ सालमा पोखरी ठक्का सम्बन्धी भएको निर्णय तथा ठेक्का प्रक्रियाको सम्पुर्ण कागजातहरु माग गरेको प्रमूख प्रशासकिय अधिकृत कुन्दन कुमार कर्णले बताए । अध्यक्ष चौधरी विरुद्ध रकम हिनामिन गरेको करिव एक दर्जन उजुरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग परेको छ । जसको अनुसन्धान भईरहेको छ । अध्यक्ष चौधरी डाक्नेश्वरी नगरपालिका वडा ९ मा नेकपा एमालेबाट दोस्रोपटक जितेका हुन् । उनको विरुद्धमा वडा कार्यालयबाट विभिन्न शिर्षकमा करिव ६० लाख रुपैयाको दुरुपयोग गरेको अख्तियारमा उजुरी परेको छ ।



अनुरोधकर्ता : शम्भुनाथ नगरपालिका, सप्तरी

# अन्तर्राष्ट्रिय समाचार

## मध्यपुर्वमा सैन्य उपस्थिति बढाउदै अमेरिका

**तेल अवीव**/यस हप्ताको सुरुमा तेहरानमा हमासका वरिष्ठ नेता इस्माइल हानियाको हत्याले मध्यपूर्व क्षेत्रमा तनाव बढ्दै जाँदा अमेरिकाले उक्त क्षेत्रमा आफ्नो सैन्य उपस्थिति बढाइरहेको सिएनएनले जनाएको छ ।

"रक्षा सचिव लोयड अस्टिनले हाल ओमानको खाडीमा तैनाथ रहेको 'युएसएस थियोडोर रुजवेल्ट स्ट्राइक ग्रुप' नामक नौसैनिक जहाजलाई 'युएसएस अब्राहम लिंकन स्ट्राइक ग्रुप'ले प्रतिस्थापन गर्न आदेश दिनुभएको छ" पेन्टागनकी उप-प्रेस सचिव सबरीना सिंहले एक विज्ञप्तीमार्फत बताउनुभयो ।

अमेरिकाले ब्यालिस्टिक मिसाइल आक्रमण रोक्न सक्षम विध्वंसक मिसाइल र सैन्य जहाजहरु मध्यपूर्व र भूमध्यसागरमा पठाउने सिएनएनले जनाएको छ । विज्ञप्तिमा कुन युद्धपोत पठाइएको छ भनेर खुलाएको छैन् । तर अप्रिलमा पूर्वी भूमध्यसागरमा इजरायल विरुद्ध इरानको आक्रमण रोक्नमा दुई अमेरिकी सैन्य जहाज प्रयोग गरिएको थियो ।

"अस्टिनले यस क्षेत्रमा लडाकु मिसाइल पनि तैनाथ गर्न आदेश दिनुभएको छ", सिंहले भन्नुभयो । अमेरिकाले पहिले नै यस क्षेत्रमा 'यूएसएस वास्प एम्फिबियस' नामक सैन्य जहाज तैनाथ गरेको छ जुन आवश्यकता भएमा आदेशअनुसार लेबनानमा रहेका अमेरिकी नागरिकहरूको उद्दार गर्न सक्षम छ ।

इरानले तेहरानमा हमासका राजनीतिक नेता इस्माइल हानियाको हत्याको बदलामा इजरायलमाथि आक्रमण गर्ने वाचा गरेसँगै मध्यपूर्वी क्षेत्रमा तनाव बढेको हो । इजरायलले भने हानियाको हत्याको बारेमा कुनै टिप्पणी व्यक्त गरेको छैन । एजेन्सी

## अमेरिकी चुनावः ह्यारिस आधिकारिक रूपमै डेमोक्राटिक पार्टीबाट राष्ट्रपतीय उम्मेद्वार

**अमेरिका**/आसन्न चुनावका लागि अमेरिकी डेमोक्राटिक पार्टीले उपराष्ट्रपति कमला ह्यारिसलाई राष्ट्रपति पदको उम्मेद्धार चयन गरेको छ ।

डेमोक्राटिक पार्टीका अधिकारीहरूले बहुमत सहित ह्यारिसलाई आफ्नो पार्टीको तर्फबाट राष्ट्रपति उम्मेद्वारमा चुनेको घोषणा गरेका छन् ।

यसै सन्दर्भमा ह्यारिसले सामाजिक सञ्जाल एक्समा पोस्ट गर्दै भन्नुभयो, "म संयुक्त राज्य अमेरिकाको राष्ट्रपति पदका लागि डेमोक्रेटिक उम्मेद्वार हुन पाउँदा सम्मानित छु ।" आगामी हप्तामा आधिकारिक रूपमा मनोनयन स्वीकार गर्ने ह्यारिसले जनाउनु भएको छ ।

वासिङ्टन पोस्टका अनुसार, ह्यारिस राष्ट्रपति पदको नेतृत्व गर्ने पहिलो अश्वेत तथा दक्षिण एसियाली मुलकी महिला उम्मेद्धार हुनुहुन्छ । उहाँको उम्मेद्धारीले लामो सयमदेखि थाती रहेका जातीय तथा लैङ्गिक सवालहरुले सार्थकता पाउने अपेक्षा गरिएको छ ।

राष्ट्रपति जो बाइडेनले ह्यारिसलाई समर्थन गर्दै जुलाई-२१ मा चुनावी प्रतिश्पर्धाबाट बाहिरिने घोषणा गर्नुभएको थियो । समर्थनपछि जुलाई-२७ मा, ह्यारिसले अमेरिकी राष्ट्रपति चुनावका लागि आधिकारिक रूपमा आफ्नो उम्मेद्वारको उद्घोष गर्नुभएको हो ।

सन् २००८ मा बाराक ओबामापछि अमेरिकाको इतिहासमा प्रमुख राष्ट्रपति पदको टिकट पाउने ह्यारिस दोस्रो अश्वेत व्यक्ति हुनुहुन्छ । एजेन्सी

## स्विडेनद्वारा लेबनानस्थित दूतावास बन्द

**स्विडेन**/स्वीडेनले लेबनानको बेरुतस्थित आफ्नो दूतावास बन्द गरेको शनिबार जनाएको छ । हजारौं नागरिकलाई लेबनान छोड्न आग्रहसहित गाजामा युद्ध बढ्न सक्ने सम्भावना पछि दुतावास बन्द गर्ने निर्णय गरेको जनाइएको छ ।

यस हप्ता भएको हमास र हेजबुल्लाह नेताहरूको हत्याले गाजा युद्धको बीचमा थप क्षेत्रीय तनाव बढाएको छ ।

स्वीडेनको विदेश मन्त्रालयले आफ्ना कर्मचारीलाई बेरुत छोडेर साइप्रस जान निर्देशन दिँदै दूतावास अस्थायी रूपमा स्थानान्तरण गर्ने योजना बनाइरहेको विदेश मन्त्री टोबियास बिलस्ट्रोमले बताउनुभयो ।

उक्त निर्णय सुरुआती चरणमा अगस्ट महिनाको लागि लिइएको जनाउदै उहाँले सुरक्षा अवस्थाका आधारमा विस्तार गर्न सकिने उल्लेख गर्नु भएको छ ।

विदेश मन्त्रालयका अनुसार सन् २०२३ अक्टोबरदेखि जारी गरिएको चेतावनी वावजुत दश हजार स्वीडेनका नागरिक लेबनान गएका हुनसक्ने उल्लेख गर्दै विदेश मन्त्री बिलस्ट्रोमले लेबनानमा रहेका स्वीडेनका नागरिकलाई सो देश छोडी अन्यत्र जान आग्रह गर्नु भएको छ । एजेन्सी

# आइडियल २६औं वर्षमा प्रवेश



**राजविराज**/राजविराजस्थित आइडियल सहकारी संस्था २६ औं बर्षमा प्रवेश गरेको छ। संस्था स्थापनाको अवसरमा शनिवार एक कार्यक्रमको आयोजना गरियो।

संस्थाका अध्यक्ष गणेश कुमार आशले आगामी दिनमा अझ बढी प्रभावकारी आधुनिक प्रविधिमैत्री तथा विश्वसनिय बनाइने बताएका छन्।

सहकारी संस्थाहरुमाथि अहिलेको अवस्थामा चुनौति थपिएको बताउँदै संस्थाका सचिव शैलेश कुमार चौधरीले सहकारीको मूल्य मान्यता तथा सिद्धान्त अनुरूप कार्य गर्नु पर्ने बताए।

संस्थाका अध्यक्ष गणेश कुमार आशको अध्यक्षतामा आयोजित कार्यक्रम राजेश कुमार झाले संचालन गरेका थिए। सो अवसरमा संचालक समितिका सदस्य, लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरु तथा कर्मचारीहरुको सहभागिता रहेको थियो।

# मधेस प्रदेशको औद्योगिक विकासमा सघाउने मुख्यमन्त्रीको प्रतिबद्धता

**जनकपुर**/मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले यहाँ रहेका उद्योग तथा वाणिज्य क्षेत्रको विकासमा प्रदेश सरकारले सकारात्मक सहयोग गर्ने बताएका छन्।

नेपाल उद्योग वाणिज्य महासङ्घ मधेस प्रदेशका प्रतिनिधिमण्डलसँग शनिबार भएको भेटमा मुख्यमन्त्री सिंहले प्रदेशमा रहेका औद्योगिक, वाणिज्य क्षेत्रको विकास गर्दै व्यवसायीको मनोबल उच्च बनाउन प्रदेश सरकार सधैँ सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे। उनले बारा-पर्सा औद्योगिक कोरिडोर घोषणा गर्न सङ्घ सरकारसँग छलफल गरिने उल्लेख गरे।

औद्योगिक कोरिडोर घोषणा गर्न प्रदेश सरकारले योजनाबद्ध रुपमा काम गरिरहेको बताउँदै मुख्यमन्त्री सिंहले आवश्यकताका आधारमा सङ्घ सरकार समन्वय गर्ने बताए।

मुख्यमन्त्री सिंहले उद्योगको आवश्यकता र अपेक्षाअनुसार दक्ष कामदार उत्पादन गर्न प्रदेश सरकारले सीपमूलक तालिम दिने योजना बनाइरहेको जानकारी दिए। उनले उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ नियमित र सहज रुपमा आपूर्तिको व्यवस्था गर्ने विषयमा प्रदेश सरकार गम्भीर रहेको बताए। प्रदेशका सिमेन्ट उद्योगले प्रतिबोरा रु एक राजस्व तिर्नुपर्ने दायित्व निर्वाह गर्नुपर्नेमा जोड दिँदै उनले यहाँका केही उद्योगले मात्र राजस्व बुझाएका बताए।

प्रदेश सरकार इ-गभर्नेन्समा जान लागेको भन्दै उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयमार्फत औद्योगिक क्षेत्रको प्रवर्द्धन गर्न प्रविधिसँग जोड्ने तयारी भइरहेको मुख्यमन्त्री सिंहले जानकारी दिए। बारा र पर्साका उद्योगी, व्यापारीको प्रतिनिधित्व रहेको महासङ्घको टोलीले प्रदेशको समृद्धिका लागि कृषि, पर्यटन, उद्योग क्षेत्रका चुनौती र सम्भावनाका बारेमा मुख्यमन्त्री सिंहलाई ध्यानाकर्षण गराएका थिए।

# शास्त्रीय संगीतकार गुरुदेव कामतको निधन

**सिरहा**/नेपाली शास्त्रीय सङ्गीत क्षेत्रका परिचित व्यक्तित्व गुरुदेव कामतको ६९ वर्षको उमेरमा बिहीबार निधन भएको छ।

केही महिनादेखि मिर्गौलामा समस्या देखिएपछि काठमाडौँमा उपचार गराई रहेका उनको आर्थिक समस्याका कारण थप उपचार गर्न नसकेर जन्मथलो सिरहाको पोखरभिन्डा फर्केका थिए।

दुई साताअघि जन्मथलो फर्किएका उनले लहानस्थित अस्पतालमा डायलासिस गराई रहेका थिए। पछिल्ला दिनमा उनको स्वास्थ्य अवस्था बिग्रँदै गएको र तीन दिन अगाडिदेखि खाना खानसमेत छाडेका थिए।

दिवङ्गत कामतको श्रीमती, तीन छोरा र एक छोरी छन्। शास्त्रीय सङ्गीतका गुरु कामत नेपाल-भारत क्षेत्रमा प्रख्यात छन्।


## गर्मीमा तातो हावा वा लुबाट जोगिने उपायहरू




अनुरोधकर्ता : हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी

## गर्मीमा तातो हावा वा लुबाट जोगिने उपायहरू




अनुरोधकर्ता : खडक नगरपालिका, सप्तरी

## जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको बीउ रोपौं।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं।

अनुरोधकर्ता : तिरहुत गाउँपालिका, सप्तरी


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*